द टाइम्स् मा.बि.
डिल्लीबजार, काठमाडौं
प्रथम त्रैमासिक परीक्षा-२०७६

| | | |
|---|---|---|
| कक्षा : १२ | समूह : क | पूर्णाङ्क : १०० |
| सङ्काय: विज्ञान | | उत्तीर्णाङ्क : ४० |
| विषय : सबैको नेपाली (दिवा समूह) | | समय: ३ घण्टा |

**भाषिक शुद्धता, सरसफाइ र सिर्जनात्मक उत्तरलाई अङ्क दिँदा विशेष प्राथमिकता दिइने छ।**

**१) कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (५)

**क) उच्चारण प्रयत्न र प्राणत्वका आधारमा तलका वर्णलाई चिनाउनुहोस् :**

ख ज प ङ ह

**ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् :**

पुस्तिका,विशेष, आँप, रमणीयता, संवैधानिक

**२) शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (५)

आज भोलि रोप्ने बिउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सहि नशक्नुभयो । पाखुरा सुर्कदै भन्यो त्येरा दाम्ना छाडा गरेर अषारको बिउ चराउछस् अफ्र अर्मलको ढाक लगाउँछस् गुमाने चोर ।

**३) रेखाङ्कित शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् :** (३)

<u>एउटै</u> सिरान <u>गरेर</u> <u>सुतेपछि</u> कहिलेकाहीं गोडा लाग्छ <u>नाइँ</u> । झगडा <u>भयो</u> भन्दैमा <u>धर्म</u> छोड्नु हुन्छ ?

**४. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् :** (२)

औद्योगिकीकरण नै हरित गृह ग्याँसको प्रमुख स्रोत हो । आधुनिक कृषि औजार मोटर गाडी, कल कारखाना आदिमा प्रयोग गरिने पेट्रोलियम पदार्थ नै कार्वनडाइ अक्साइडका स्रोत हुन् ।

**५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :** (२×३=६)

**क) तलको अनुच्छेदबाट तिन ओटा उपसर्ग व्युत्पन्न शब्द र तिन ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :**

प्रमुख राजनैतिक दलहरूले गैरजिम्मेवार बनेर देशलाई अनिर्णयको बन्दी बनाउनुहुँदैन । दलीय कर्तव्यलाई बुझेर सकेसम्म चाँडै नै निकाश दिने काममा केन्द्रित हुन जरूरी छ ।

**ख) तलको अनुच्छेदबाट तिन ओटा समस्त शब्द र तिन ओटा द्वित्व शब्द खोजी समस्त शब्दको विग्रह गर्नुहोस् र द्वित्व शब्दको दोहोरिएको अंश छुट्याउनुहोस् :**

सत्तालिप्त मानसिकता भएका र हरपल आआफ्नो सुविधा प्राप्तिका मात्र कुरा गर्ने अनि छिनछिनमा कुरा बदल्ने कामसाम केही नगर्ने तथाकथित जननेता भनाउँदा यी दुइजिब्रे नेतासेताले गफगाफमा नै घरगाउँलेलाई भुलाएका छन् । यी कामचोरहरू आफ्नो सुखप्राप्तिका लागि बसीबसी देशहितका कुरा गर्न पछि पर्दैनन् ।

**ग) तलको अनुच्छेदबाट ६ ओटा सन्धि युक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :**

नेपालको प्राकृतिक सौन्दर्यको अवलोकन गर्न पर्यटक यहाँ आउँछन् र नेपालीको स्वागत, सत्कार र आतिथ्यदेखि खुसी हुँदै उनीहरू हँसिलो अनुहार लगाई अत्यावश्यक सामान किनेर आफ्नो मुलुक फर्कन्छन् भनेर ठुल्यामाले उल्लाई सुनाउनुभयो ।

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (५)

**क) आवश्यक वाक्य ढाँचासहित तलको अनुच्छेदलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :**

ऊ दुर्गाको छोरा हो । उसले कक्षा ११ विशिष्ट श्रेणीमा उत्तीर्ण गरेको छ । ऊ अहिले कक्षा १२ मा पढ्छ । ऊ कक्षामा एकाग्र भएर सुन्छ । ऊ सबैको प्यारो छात्र हो ।

**ख) तलका वाक्यलाई सामान्य आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

तँ गाउँले केटो होस् । तँ त्यहीँको हावा पानीमा हुर्केको बढेको होस् । अहिले कामको खोजीमा सहर आएको छस् । तैंले गाउँ बिर्सेको छैनस् । काम नपाए तँ गाउँकै सेवामा फर्कन्छस् ।

**७. तलको वाक्यमा सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :** (६)

रमेश र रमा बिदामा घर आयो । ऊहरू दाजुभाइलाई भेट्न पाउँदा धेरै खुसी हुनुभयो । मैले पनि उनीहरूलाई भेट्न पायो । मलाई भेटेर रमेश र रमा खुसी भइन् । बिदापछि उहाँहरू विदेश फर्के । अहिले त्योहरू विदेशमै बस्छ ।

**८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :** (२×४=८)

**क) आवश्यक कुरा थपघट गरी तलका वाक्यलाई वाच्य परिवर्तन गर्नुहोस् :**

यसपालि इलाम घुम्न गइयो । त्यहाँको चिया बगान हेरियो । इष्टमित्रसँग भेटघाट गरियो । गाउँको रमणीय दृश्यको फोटो खिचियो । स्थानीय कार्यक्रममा सहभागी भइयो । त्यतैबाट दार्जिलिङ्ग पनि गइयो । त्यहाँको आनन्द पनि लिइयो । यात्रा सकेर बसबाट घर फर्कियो ।

**ख) करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

वसन्त ऋतु नआउँदा आनन्द हुँदैन । धेरै जाडो हुन्छ । भँमराहरू गुन्गुनाउँदैनन् । नयाँ पालुवा पलाउँदैनन् । मानिसहरू दुःखी हुन्छन् । जल, थल, नभ सबै सफा देखिँदैनन् । पृथ्वीमा सौन्दर्यको सृष्टि हुँदैन । सधैं वसन्त आगमन नभए हुन्थ्यो ।

**ग) एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :**

लतमाया भात पकाइरहेकी थिइन् । हर्षनारान खुसी हुँदै भरेङ उक्लिँदै थिए । हर्षनारान बुइँगलमा आइपुगी बेसरी हाँसे । लतमाया छक्क परिन् ।

**९. तलको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :** (१०)

हामीले नेपालको हावापानीको उपेक्षा गर्‍यौं भने अतीतदेखि वर्तमानसम्म नेपाल निर्माणका क्रममा एक महत्वपूर्ण कारकका रूपमा रहँदै आएको पर्यावरणको भूमिकाको समष्टि मूल्याङ्कन कहिल्यै गर्न सक्तैनौं । हावापानीका घटकहरूमा मनसुन र उष्ण कटिबन्धीय उष्णता महत्वपूर्ण मानिन्छन् । मनसुनको वेगलाई छेक्न सफल विशाल हिमालको पाखाको परिणामस्वरूप नेपालको उच्च प्रदेशको पश्चिमी आधा भाग ठन्डा र शुष्क बन्नपुगेको छ, किनभने मर्स्याङ्दी र बुढी गण्डकी नदीले काटेका प्रवेश घाटीहरूले मनसुनका भारी बादलहरूलाई नेपाल तिब्बत सिमानासम्मै धावा गर्ने सुविधा दिएका छन् । हावापानीको हिसाबले यहाँको होचो भूमि पनि आर्द्र रहेको पाइन्छ । यद्यपि वर्षको आधाजसो याममा यहाँ पनि मुख्यतः शुष्क ऋतुले प्रभुत्व जमाएको छ । अन्दाजी १२०० मिटरभन्दा मुनि लेटराइटद्वारा निर्मित रातो माटोको बनोट र वनस्पतिले नेपालको यस होचो भागमा उपोष्ण हावापानी रहेको तथ्य निर्दिष्ट गर्दछ । नेपालको इतिहासमा यस होचो भाग वा तराईको भूमिका एकदम स्पष्ट रहेको छ । हावाको अनुकूल बहावतिर कोल्टिएको भूस्थिति र उष्ण कटिबन्धीय तापले गर्दा तराई भाग तातो र आर्द्र मात्रै होइन, आफ्नो अस्वस्थकर वातावरणका निमित्त पनि नामी छ । तराईको धेरैजसो भाग अस्तिसम्म अनकन्टार जङ्गल, घाँसे मैदान र जङ्गली जनावरहरू बस्ने बास बनेको थियो । पूर्वी एसियामा प्रसिद्ध ठूलाठूला जनावरहरूको सिकार खेल्ने स्थानहरूमध्ये एउटा स्थान यो पनि थियो । यहाँ राजा र रजौटाहरू धुमधामसँग सिकारको आयोजना गरेर आनन्द मनाउँथे । वर्षा ऋतुमा "औलो" भन्ने डरलाग्दो मलेरिया ज्वरोले धेरैलाई सताउँथ्यो । इस्टइन्डिया कम्पनीका सैनिकहरू उन्नाइसौं शताब्दीको सुरुमा नेपालसितको लडाइँमा यही औलो महामारीले ध्वस्त पारिएका थिए । तसर्थ चुरे वा सिबालिकको भिरालो पाखाले मात्र होइन, अस्वस्थकर तराई क्षेत्रले समेत खास नेपाललाई आक्रमणहरूको हाँकबाट रक्षा गरेर नेपालीलाई जोगाएको कुरा स्पष्ट छ ।

**प्रश्नहरू :**

क) के भयो भने पर्यावरणको भूमिकाको मूल्याङ्कन गर्न सकिँदैन ?

ख) उच्च पश्चिमी प्रदेशको आधा भाग किन चिसो र सुख्खा बनेको छ ?

ग) नेपालको होचो भूमिमा उपोष्ण हावापानी हुनुको कारण के हो ?

घ) कुन कुरामा तराई भाग प्रख्यात छ ?

ङ) तराईका के कुराले शत्रुबाट नेपाललाई जोगाएको छ ?

**१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्नुहोस् : (५)**

लोकतन्त्रमा सूचनाका माध्यमहरूको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देशहरूमा समेत प्रसारण माध्यमहरूको व्यवस्थापन सरकारका तर्फबाट हुने परिपाटी अझै पनि नभएको होइन तर छापा माध्यम भने प्रायः सरकारद्वारा सञ्चालित हुने गर्दैनन् । नेपालमा भने अहिले पनि छापा माध्यम सरकारले चलाइ रहेको छ । लोकतन्त्रको पुनःस्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना दिन खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फबाट बारम्बार प्रताडित र प्रतिबन्धित हुने अवस्था थियो । लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो । परिणाम स्वरूप निजी क्षेत्रका सञ्चार माध्यमहरू माथिको नियन्त्रित परिपाटी समाप्त गरे पनि सरकारी संस्थाहरूबाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरे अनुसारको गुणात्मक परिवर्तन भने आउन सकेको देखिँदैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवस्थित र वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनका कारण हुन पुगेको स्वाभाविक परिणाम जस्तो मात्रै अनुभव हुन्छ ।

**११. आफ्नो नवनिर्मित घरमा टेलिफोन लाइन जडानका लागि नेपाल टेलिकमको स्थानीय कार्यालयलाई लेखिने निवेदन तयार पार्नुहोस् : (५)**

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (५)**

**(क) 'वातावरण प्रदूषण : समस्या र समाधान' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।**
**(ख) 'बढ्दो सहरीकरणः समस्या र समाधान' शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद लेख्नुहोस् ।**

**१३. कुनै एक शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस् : (१०)**

क) मेरो जन्मभूमि
ख) पन्ध्र वर्ष पछिको तिमी, तिम्रो जीवन र यो संसार
ग) नेपालमा पर्यटन उद्योगको सम्भावना

**१४. तलको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : (५+५=१०)**

शिवनारानले एक हप्ताभित्रै नानी थकुँलाई एउटा सुयोग्य वर फेला पनि पारे । दुलाहा हुने केटो म्याट्रिक पास पनि भएको, एउटा मौजाको जिमिनदार पनि, उमेरमिल्दो नै थियो । सबभन्दा हर्षको कुरा आफ्ना बाबु अष्ट नारान र आफूहरूको पनि विचार र सिद्धान्त अनुसार केटो मधेसी थियो । प्रायः चाहिँदा गुणहरूले परिपूर्ण भएको मधेसी केटो पाएको र आफ्नो र तराईका मधेसी जातिसित वैवाहिक सम्बन्ध जोडिन पुग्ने कुराले शिव नारान चौपट्टै सन्तुष्ट र प्रफुल्लित भए । नेवार, पर्वते, मधेसी यी तिनै जाति र संस्कृतिको मेल झन् आफ्नै घरमा हुन लागेकोमा शिव नारान अत्यधिक खुसी भए किनभने यी तिन जाति र संस्कृति समन्वय वा स्थापना नभईकन नेपालको उन्नति हुँदै हुँदैन भन्ने उनलाई विश्वास थियो ।

**प्रश्नहरू :**

अ) शिव नारान सन्तुष्ट हुनुको कारण के हो ? चर्चा गर्नुहोस् ।
आ) यस गद्यांशमा व्यक्त विचार आजको सन्दर्भमा कति उपयुक्त छ ? आफ्ना तर्क लेख्नुहोस् ।

**(१५) कुनै दुई प्रश्नको उत्तर दिनुहोस्: (१०)**

**(क) तलका गीति अंश पढी सोधिएका प्रशनको उत्तर दिनुहोस् :**

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौंला संसार सन्भ्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

**प्रश्नहरू**

(अ) तराई सुनको टुक्रा भन्नुको तात्पर्य के हो ?
(आ) धर्तीका छोरा भनेर कसलाई भनिएको हो ?
(इ) माटो र पानी पहिलो धन कसरी हुन सक्छ ?
(ई) ए कहाँबाट हेरौंला संसार सन्भ्यालै नरहे भन्नुको आशय के हो ?
(उ) नेपाली नरहे नेपाल किन रहँदैन ?

**(ख) तलको कथांश पढी सोधिएका प्रश्नको एक दुई वाक्यमा उत्तर दिनुहोस् :**

किसानहरू सबै कुरा सहन सक्छन् परन्तु वस्तुलाई अर्कोले दया छाडेर कुटेको हेर्न सक्दैनन् । बिउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रिसको सीमा रहेन । असार महिनाभरि दिनभर जोत्नुपर्ने गोरु,उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका थिएनन् । जुरुक्क उठेर भन्यो, बिउ नोक्सानी गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छन् ए धनजिते ।

**प्रश्नहरू**

(अ) किसानहरू किन आफ्ना वस्तुलाई अर्कोले कुटेको हेर्न सक्दैनन ?
(आ) गुमानेको रिसको सीमा किन रहेन ?
(इ) गुमाने र धनजितेको बिच झगडा हुनको कारण के हो ?
(ई) असारका गोरु किन कुट्नु हुँदैन ?
(उ) सीमा र अर्मल शब्दको अर्थ लेख्नुहोस् ।

**(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको एक दुई वाक्यमा उत्तर दिनुहोस् :**

समुन्द्रपारिका नारीहरूलाई बरू साथी बनाउन सजिलो होला तर आफ्नो देश, आफ्नो सहर र गाउँका, आफ्नो टोल र छिमेकका आइमाईलाई साथी बनाउन हामीलाई गारो पर्छ तर गारो भन्दैमा राम्रो कामबाट पन्छिनु उचित कुरा होइन । त्यसैले आइमाई साथी बनाउन सकिने किसिमको अवसर पर्दा म प्रायः पछि सर्ने गर्दिनँ ।

**प्रश्नहरू**

(अ) समुन्द्रपारिका नारीहरूलाई साथी बनाउन किन सजिलो होला ?
(आ) आफ्नै देशका नारीहरूलाई साथी बनाउन किन नसकिएको हो ?
(इ) गारो भन्दैमा राम्रो कामबाट पन्छिनु उचित कुरा होइन भन्नुको तात्पर्य के हो ?
(ई) निबन्धकारलाई किन आइमाई साथी बनाउन मन लागेको हो ?
(उ) यस निबन्धको मूल आशय के हो ?

**प्र.नं.१६. पौराणिक कथामा मधुकर र मालतीको त मिलन भयो तर मधु मालतीको कथामा शङ्कर र गौरीको किन मिलन हुन सकेन ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)**

**शुभ-लाभ**

द टाइम्स् मा.बि.
डिल्लीबजार, काठमाडौं
प्रथम त्रैमासिक परीक्षा-२०७६

| | | |
|---|---|---|
| कक्षा : १२ | समूह : ख | पूर्णाङ्क : १०० |
| सङकायः विज्ञान | | उत्तीर्णाङ्क : ४० |
| विषय : सबैको नेपाली (दिवा समूह) | | समयः ३ घण्टा |

**तलका सबै प्रश्नको उत्तर दिनुहोस् ।**

**१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (५)**

**क. तलका वर्णको घोषत्व र प्राणत्व चिनाउनुहोस् :**

क, घ, न, य, स

**ख. तलदिइएकाशब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् :**

तीन, सल्यान, नेपाली, यथार्थवाद, विशेषज्ञता

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (५)**

कीशानका सनतान्ले आरम गरनु पाप हो किनभने किसानको परिसरम र पसीना नै जगत्को जिवन हो र जीन्दगिको जोती हो

**३. तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : (३)**

आहा ! नेपालका उच्च र चाँदीजस्ता हिमशिखरहरू पर्यटकहरूको मन चोर्न साँच्चै नै सफल छन् । प्राकृतिक दृष्टिले नेपाल ज्यादै सुन्दर भएको कुरालाई जोसुकैले स्विकार्छन् ।

**४. तलको अनुच्छेदबाट दुई ओटा तत्सम र दुई ओटा आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)**

बिरामी बिरेले डाक्टरसित आफ्नो रोगको डायग्नोसिस राम्ररी नगराएकोमा मित्र बद्री र रामले चित्त दुखाए । वैद्यको आयुर्वेदिक औषधीले उसको टायफायड ठिक भएन मात्र होइन, उसले शिर पनि उठाउन सकेन ।

**५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । (२ × ३ = ६)**

**क. तलको अनुच्छेदबाट तीन ओटा उपसर्ग व्युत्पन्न शब्द र तीन ओटा प्रत्यय व्युत्पन्न शब्द टिप्नुहोस् :**

निराश मनले होइन, उत्साहका साथ गाउँलेले तात्कालिक परिस्थितिको अवलोकन गरे । जैविक विविधतामा धनी नेपालको राष्ट्रिय गरिमा उचाइमा पुऱ्याउने आफ्नो अभीष्ट उनीहरूले व्यक्त गरे ।

**ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दको दोहोरिएको अंश देखाउनुहोस् :**

यसपालि बाआमालाई भेट्न म भक्तपुर गएँ । त्यहाँ सानाबा पनि भेटिनुभयो । घरमा गफसफ गरी खानासाना खाई छिटोछिटो गरेर हामी सबै बजारमा गाईजात्रा हेर्न निस्क्यौँ र दिनभर घुमघाम गरी बेलुका आआफ्ना घर फर्क्यौँ ।

**ग. तलको अनुच्छेदबाट ६ वटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :**

ठुल्यामाले उन्नतिलाई वृद्धाश्रममा गएर वयोवृद्धहरूलाई सहयोग गर्न भन्नुभयो र उल्लाई अन्याय र अत्याचारका विरुद्ध जुध्दै जनताको सेवामा जुट्न सल्लाह दिनुभयो ।

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (५)**

**क. तलको अनुच्छेदका वाक्यहरूलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :**

त्यो केटो डोटीमा जन्मेको हो । त्यस केटाले त्यहाँ दस कक्षासम्म पढेको थियो । त्यो केटो अहिले राजधानीमा आएर कक्षा १२ मा पढ्दै छ । उसले विज्ञान विषय लिएको छ । ऊ विज्ञानले नेपाललाई सिँगार्न चाहन्छ ।

**ख. तलको अनुच्छेदका वाक्यहरूलाई तृतीय पुरुष कर्तामा रुपान्तरण गरी वाक्य ढाँचासहित पुनर्लेखन गर्नुहोस् :**

म अस्ति अचानक घर गएँ । म एक दुई दिन गाउँघरमै बसेँ । मैले गाउँमा धेरै साथीहरूलाई भेटेँ । हामीले त्यहाँ खुब रमाइलो गऱ्यौँ । केही दिनको बसाइपछि म काठमाडौँ फर्कें ।

**७. तलका वाक्यमा सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)**

मेरी बहिनी गाउँमै पढ्छ । मेरी भाइ चाहिँ कक्षा ८ मा पढ्छे । तिमी गाउँ कहिले जान्छ ? तिमी जाने भए हिँड् । म पनि भाइ र बहिनी भेट्न गाउँ जाँदै छ । हामी सँगै जाउला ।

**८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : (२×४ = ८)**

**क. तलका चार ओटा वाक्यलाई आठ ओटा सरल वाक्यमा लेख्नुहोस् :**

नेपालमा नयाँ संविधान निर्माण भएपछि तीनवटा निर्वाचन सम्पन्न भए । यस क्रममा स्थानीय, प्रदेश र केन्द्रका सरकारहरू बनेपछि सङ्घीयताको कार्यान्वयन पनि भयो । एकल शासन प्रणालीबाट सङ्घीय शासन प्रणालीमा गएपछि अब मुलुकमा समानुपातिक विकास सम्भव छ । सङ्घीय शासन प्रणालीका केही चुनौतीहरू पनि छन् र केही अवसरहरू पनि छन् ।

**ख. आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

परीक्षा सकेर पोखरा घुम्न गइन्छ । त्यहाँका रमणीय ठाउँहरूको अवलोकन गरिन्छ । साथीभाइसँग भेटघाट पनि गरिन्छ । फोटाहरू खिचिन्छ । साँझ नाचगान गरी रमाइलो मनाइन्छ । फर्कंदा मनकामनाको दर्शन पनि गरिन्छ । केबुलकार चढेर आनन्द लिइन्छ । भोलिपल्ट मात्र घर फर्किइन्छ ।

**ग. तलको अनुच्छेदका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

एलिनाको असल मान्छे बन्ने चाहना छ । ऊ मिहिनेत गरेर पढ्छे । ऊसँग प्रशस्त पैसा पनि छैन । भएको पैसाको सदुपयोग गरेकी छ । उसका बुबाआमा पनि खुसी छन् । उसको कसैले पनि कुरा काट्दैनन् । ऊ झनक्क रिसाउँदिन । ऊ राम्री पनि छ ।

**९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : (१०)**

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । सुदूर पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन, नवलपुर उपत्यका, काठमाडौँ उपत्यका सिन्धुली माडी उपत्यका र अरू नदी किनारका अनेक उपत्यका छन् । भूगर्भ वेत्ता विद्वानहरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवतः यी सबै उपत्यकाको पानी त्यसपछि नै खुल्यो । पानी बगेर गएपछि यहाँ जङ्गल भयो र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भए । त्यसपछि आदिमानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजारदेखि पाँच हजार वर्षतिर आएर मानवले आफ्नो जीवन नव पाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषि कर्म अपनाउन थालि सकेको थियो ।

**प्रश्नहरू**

क. नेपालका उपत्यकाहरूमा कति वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो ?

ख. आदिमानव यी उपत्यकामा पस्नु अघि यहाँ कस्तो वातावरण थियो ?

ग. मानवले किन यायावरीय जीवन बिताउनु पर्‍यो ?

घ. मानवले कुन युगमा कृषि कर्म सुरु गर्‍यो ?

ङ. 'भूगर्भ वेत्ता' र 'पाषाण युग' को अर्थ के हो ?

**१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्नुहोस् :** (५)

लोकतन्त्रमा सूचनाका माध्यमहरूको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देशहरूमा समेत प्रसारण माध्यमहरूको व्यवस्थापन सरकारका तर्फबाट हुने परिपाटी अझै पनि नभएको होइन तर छापा माध्यम भने प्रायः सरकारद्वारा सञ्चालित हुने गर्दैनन् । नेपालमा भने अहिले पनि छापा माध्यम सरकारले चलाइ रहेको छ । लोकतन्त्रको पुनःस्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना दिन खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फबाट बारम्बार प्रताडित र प्रतिबन्धित हुने अवस्था थियो । लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो । परिणाम स्वरूप निजी क्षेत्रका सञ्चार माध्यमहरू माथिको नियन्त्रित परिपाटी समाप्त गरे पनि सरकारी संस्थाहरूबाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरे अनुसारको गुणात्मक परिवर्तन भने आउन सकेको देखिँदैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवस्थित र वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनका कारण हुन पुगेको स्वाभाविक परिणाम जस्तो मात्रै अनुभव हुन्छ ।

**११. आफ्नो नव निर्मित घरमा टेलिफोन लाइन जडान गरिदिन अनुरोध गरी स्थानीय दूरसञ्चार कार्यालयका प्रमुखलाई एउटा निवेदन लेख्नुहोस् :** (५)

**१२. 'नेपाल भ्रमण वर्ष २०२०' शीर्षकमा १५० शब्दसम्मको एउटा अनुच्छेद लेख्नुहोस् :** (५)

**अथवा**

**'सवारी दुर्घटनाः समस्या र समाधान' शीर्षकमा १५० शब्दसम्मको एउटा टिप्पणी लेख्नुहोस् ।**

**१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (१०)

क. मेरो सपनाको नेपाल

ख. देश विकासमा युवाहरूको भूमिका

ग. विज्ञानको चमत्कार

**१४. 'एक चिहान' उपन्यासको तल दिइएका अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।** (२×५=१०)

शिवनारान गइसकेपछि अष्टनारानले माहिला छोरा पुननारानलाई भने - "तिमी पनि आफ्नो काममा जाऊ पुननारान । घर बनाउने काम अब धेरै दिन छैन, वर्सात् सुरु भएपछि घर बनाउनेहरू कमै हुन्छन् । जाऊ मलाई कुरिरहनु पर्दैन । आफ्नो काममा डटि रहू, यही तिम्रो परम कर्तव्य हो ।"

"हातखुट्टा बलियो भएपछि काम भनेको सधैँ पाइन्छ बा । तर छोराछोरीका निम्ति बाबु सधैँ पाइरहिन्न । बाको सेवा गर्न पाएपछि त्यस्ता काम लाख आउँछन् ।" पुननारानले भने ।

**प्रश्नहरू**

क. माथिको पहिलो अनुच्छेदमा कामको महत्त्वलाई कसरी प्रस्तुत गरिएको छ ?

ख. दोस्रो अनुच्छेदमा बाबुआमाप्रति सन्तानको के कस्तो कर्तव्य औंल्याइएको छ ?

**१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् ।** (२×५=१०)

**क) तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

दसैं र तिहार रमाइला हाम्रा चुड्का र ख्यालीले
हिर्दय हाम्रो जुर्मुराउँछ जितको झ्यालीले
बैंसको तालमा नाचौंला कहाँ मादलै नरहे
नेपाली हामी रहौंला कहाँ नेपाल नरहे

**प्रश्नहरू :**

अ) माथिको कवितांशमा के कुराले हाम्रो संस्कृति झल्काएका छन् ?

आ) यस कवितांशको लेखक को हुन् र शीर्षक के हो ?

इ) के कारणले हाम्रो हृर्दय जुर्मुराउँछ ?

ई) 'बैंसको तालमा नाचौंला' भन्नुको तात्पर्य के हो ?

उ) नेपाल नरहे हामी किन रहन सक्दैनौं ?

**ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

"यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीं गोडा लाग्छ नाइँ, झगडा भयो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाग्छ । अमृत रोपेको ठाउँमा विष फलेको सुनेका छौं ? माटोको भर ढुङ्गाका भर माटो, संसार भरैभरमा अडेको छ ।"

**प्रश्नहरूः**

अ) यो भनाइ कसको हो ?

आ) यो अनुच्छेदको मूलभाव के हो ?

इ) झगडाको कारण के देखिन्छ ?

ई) अमृत रोपेको ठाउँमा विष किन फल्दैन ?

उ) 'संसार भरैभरमा अडेको छ' भन्नुको तात्पर्य के हो ?

**ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनको सबै जसो क्षेत्रमा स्त्री पुरुषको बराबरी हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र थुनिरहन नदिई सामाजिक क्षेत्रमा समेत लम्कन हौसाउनेहरू साहित्य तथा राजनीति आदि तर्फ लागेका युवकहरू नै हुन् । यस किसिमको कामको निम्ति महिलाहरूको सम्पर्कमा रहने गर्नु र उनीहरू मध्ये बढी जनालाई आफ्नो मित्र बनाउनु जरुरी समेत छ ।

**प्रश्नहरूः**

अ) माथिको अंश कुन पाठबाट निकालिएको हो र यसका रचयिता को हुन् ?

खा) 'नारीलाई नरकको मूल ढोका नठान्ने' भन्नुको तात्पर्य के हो ?

इ) आधुनिक युवाहरूमा स्त्री पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?

र्य) लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?

ए) आइमाई साथी बनाउन के गर्न जरूरी छ ?

**१६) 'भलादमी' निबन्धले अहिलेका भलादमीप्रति के कस्तो व्यङ्ग्य प्रस्तुत गरेको छ ? प्रतिक्रिया दिनुहोस् ।** (५)

**शुभ - लाभ**